मिति २०७५/०७/१६ गते यस तादी गाउँपालिकाको अध्यक्ष श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा,गाउँ कार्यपालिकाको बैठक बसी निम्न महत्त्वपूर्ण निर्णयहरु गरियो ।

१) अघिल्लो आ.व.को संचितकोषमा मौजात रहेको रकम यस आ.व.मा विनियोजन गरी अर्को कार्यपालिका बैठकमा निर्णय गरि विशेष गाउँ सभामा प्रस्ताब लाने निर्णय गरियो । साथै उक्त विषेश गाउँसभा यहि कार्त्तिक २८ गते गर्ने निर्णय गरियो ।

२) प्रदेश सरकारको शर्शत अनुदानबाट प्राप्त बजेटको तपसिल बमोजिमका योजनाहरुको DPR गरि ठेक्का मार्फत संञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

१. काउले बहाईटोल र तादी-३ चिलाउने डाडाँगाउ सडक-५० लाख

२. खाटिङ खोला कुटुङ कोइरालाचेत खा.आ.-५० लाख

३. दोर्खु खोला पक्कि पुल तादी १र ३ जोड्ने -५० लाख

३) यस गाउँपालिका भित्र रहेका DPR तयार भैइसकेका र गत आ.व.मा सम्पन्न भैइसकेका आयोजनाहरुलाई थप अगाडि बढाउन प्रदेश सरकार सँग रकम माग गर्ने निर्णय गरियो ।

४) यस आ.व.मा सञ्चालित गाउँपालिका स्तरिय तथा वडा स्तरिय हरेक आयोजनाहरुको अनुगमन गर्न तपसिल बमोजिमको एक अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

संयोजक : ईश्वरी उप्रती(उपाध्यक्ष)

सदस्य : योजना शाखा प्रमुख

सदस्य : विमला वि.क.(कार्यपालिका सदस्य)

सदस्यः सम्वन्धित वडाको वडा अध्यक्ष

सदस्य सचिव : प्राविधिक कर्मचारी

माथि उल्लेखित अनुगमन समिति वाहेक एक विषेश अनुगमन समिति रहने सर्वसम्मत निर्णय गरियो ।जसमा तपसिल बमोजिमका सदस्यहरु रहनेछन् ।

तपसिलः

१. संयोजक : गा.पा. अध्यक्ष

२. सह-संयोजक : प्र.प्र.अ

३. सदस्य : गा.पा. अध्यक्षले तोकेको एक कर्मचारी

४. सदस्य : प्रशासन शाखा प्रमुख

(नोट : यस अनुगमन समितिले प्रत्येक आयोजनाको अनुगमन गरि तस्बिर सहित तोकेको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्ने छ । अनुगमन समितिको अन्तिम निर्णय मार्फत अन्तिम फरफारक गरिनेछ ।)